# मध्यकालीन प्यूठान राज्यको ऐतिहासिक स्थिति

**डा.बमबहादुर अधिकारी**

लेख प्रकाशन विवरणः सङ्कलनः २०७५/०६/१३, समीक्षणः २०७५/०९/१६, स्वीकृतः २०७५/०९/२१

## लेखको सारः

*मध्यकालीन प्यूठान राज्य बाईसी तथा चौबीसी राज्यहरूको भौगोलिक क्षेत्रको सीमानामा पर्दथ्यो । लिच्छविकालमा गण्डीगुल्म विषयअन्तर्गतको प्यूठान राज्यमा चन्द शासकहरूपूर्व मगरहरूको अस्तित्व कायम रहेको हुनाले यो राज्यलाई मगरातभित्र पारिएको थियो । यस राज्यमा ब्राह्मण, क्षत्री, मगरलगायत शिल्पकार र कालीगढसहित कामी, दमाई, सार्की, गाइने, बादी, सुनार, टोमटो आदि थरका पेसेवार समूहहरूको बसोबास रहेको थियो । पहाडको टाकुरामा अवस्थित भित्रीकोट राजधानी रहेको प्यूठान राज्य अन्य बाइसे र चौबीसे राज्यहरूकाझैं चौबीसी राज्यअन्तर्गत मजबूत किल्लाको रूपमा विकसित भएकाले सैनिक तथा सामरिक दृष्टिले पनि सुरक्षित थियो । पूर्वमा धूरकोट र गुल्मी, पश्चिममा दाङ्ग र फलवाङ्ग, खुँग्री र गजुल, उत्तरमा पर्वत र मलेवम दक्षिणमा अर्घा, खाँची र पाल्पा राज्यहरू पर्दथे । भिङ्ग्री राज्य प्यूठान राज्यभित्रै पर्दथ्यो । गोरखालीहरूको एकीकरणताका यो राज्य बलियो राज्यको रूपमा रहेको थियो । यस राज्यको सल्यान, जाजरकोट, जुम्ला र गोरखासँग राम्रै सम्बन्ध कायम रहेको देखिन्छ । प्यूठानका चन्द शासकहरूको सम्बन्ध सल्यान, जुम्ला, फलावाङ, रुकुम, जाजरकोट आदि पश्चिमी राज्यहरूसँग कायम थियो । प्यूठानको सखीमाफ क्षेत्र बाइसी र चौबीसी राज्यको ओहोरदोहोर गर्ने सीमान्त मार्ग बनेको थियो । प्यूठान राज्यको सभ्यता र संस्कृतिको विकास गराउनमा निर्मलनाथ, संसारनाथ, मेहलनाथ, दुवनाथ, प्रापतनाथ, प्रापतनाथ, क्याडी विजुवार खैरा गोरखनाथ जस्ता विद्वान्हरूको भूमिका रहको पाइन्छ । प्यूठान राज्यको दरबार, देवमन्दिर, आवाशीय भवन, विविध देवल र मूर्तिहरू आकर्षक भएको हुनाले कला तथा वास्तुकलाको क्षेत्रमा पनि प्यूठान अन्य चौबीसी राज्यको तुलनामा समुन्नत थियो । प्यूठानी राजा मानिक चन्दको समयमा गोरखा राज्यसँग प्यूठानको सुमधुर सम्बन्ध कायम रहे पनि गोरखाले पश्चिमी आक्रमण गर्ने योजना बनाउँदा प्यूठानमाथि हमला गर्ने योजना बनायो । प्यूठानी राजा मोतिचन्दको शासनकालमा आएर प्यूठानको आर्थिक स्थिति कमजोर भयो र वि.सं. १८४३ को कार्तिक १९ गते बुधबारका दिन प्यूठानको चन्द राज्यको अस्तित्व समाप्त गरी प्यूठान राज्यलाई विशाल नेपालभित्र गाभियो ।*

**शब्द कुञ्जिकाः** *प्यूठान, बाईसी राज्यहरू, चौबीसी राज्यहरू, ठकुराई राज्य, भित्रीकोट, खलङ्गा,*

## प्यूठान राज्यको परिचय र पृष्ठभूमिः

'प्यूठान' शब्दको सम्बोधन गर्दा कर्कप्याट्रिकले प्रर्थाना, ह्यामिल्टनले पुजुठान, ओल्डफिल्डले प्रर्थाना, योगी नरहरिनाथले प्लुथान, गोरखाली राजा पृथ्वीनारायण शाहले पिउठाना/पिउठानी उल्लेख गरेको पाइन्छ । यो शब्द प्रतिष्ठाना, प्यूठाना, पिउठाना हुँदै 'प्यूठान' हो । स्थानीय बासिन्दाहरूका अनुसार शान्ति सुरक्षाको निम्ति पीउठ बस्ने ठाना भएकाले पीउठानबाट 'प्यूठान' भनिएको र भित्रीकोटको पूर्व पट्टिको ठानाचौर र पश्चिम पट्टिको ठानाकोटबाटै 'प्यूठान' बन्न गएको हो । प्यूठानको पाषाणयुगीन सभ्यताबारे वैज्ञानिक अन्वेषण कार्य भएको छैन । खासगरी विक्रमको १२ औं शताब्दीको पूर्वार्द्धतिर खश राज्यका निर्माता नागराज जावेश्वरद्वारा स्थापित खश राज्य अभय मल्लको शसनकालमा आएर कमजोर भई वि.सं. १४५० मा सामन्त एवं कल्यालवंशी शासक मेदिनी बर्माले १५ औं शताब्दीको उत्तरार्धतिर आएर आ-आफ्नो ताम्रपत्रमा 'महामण्डलेश्वर', 'महाराजाधिराज',आदि शब्दको घोषणा गरी तात्कालीन कमजोर राजनीतिक परिवेशबाट फाइदा उठाई विविध थुम र दरामा स-साना ठकुराई राज्यहरूको स्थापना गरी दिँदा कर्णाली र गण्डकी प्रदेशमा सेन, शाह, शाही, चन्द, पाल, समाल, सिंह, मल्ल, बम, हमाल आदि बाइसे र चौबीसे राज्यहरूको

* लेखक डा.अधिकारी, त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, इतिहास शिक्षण समितिका अध्यक्ष एवं सहप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

स्थापना हुन गएको थियो । (बिष्ट, १९८० वि.सं. : ४)

गुल्मी, अर्घा, खाँची, इस्मा, मूसीकोट, सरहको प्यूठान राज्य चौबीसी राज्यहरूको भौगोलिक सिमानामा अवस्थित राज्य हो । त्यतिबेला कर्णाली प्रदेशमा नागराजले र सिम्रौनगढ क्षेत्रमा कर्नाटकवंशी शासकहरूले हैकम जमाएका थिए । लिच्छविकालमा प्यूठान राज्य गण्डीगुल्म विषयअन्तर्गत पर्दथ्यो । नेपालको पश्चिम तथा मध्यक्षेत्रमा विस्तारित राज्यहरूमा कहिले चौबीसे र कहिले बाईसे राज्यहरूको दल वा समूह स्थापना हुने क्रममा यस राज्यको स्थापना भयो । तुलसीराम वैद्यले महाकालीदेखि भेरीसम्म बाईसे र भेरीदेखि त्रिशूलीसम्म चौबीसे राज्यहरू रहेको कुरा उल्लेख गरेका छन् भने बाबुराम आचार्यले गोरखादेखि पश्चिमपट्टि प्यूठानसम्म फैलिएका राज्यहरूलाई चौबीसे राज्यहरू र सखीको लेकदेखि उत्तर-पश्चिमपट्टिका राज्यहरूलाई बाईसे राज्यहरू भनेका छन् । (अधिकारी, २०७५ वि.सं. : ३८७) मध्यकालीन खश मगरहरूको सिमाना जलजलाको लेक भएको हुँदा त्यसको पश्चिमतर्फ बस्ने २२ थरका खशको बाईसे र पूर्वतर्फ गुरुङ तथा मगरको क्षेत्र चौबीसे भएको तथ्य पाइन्छ । (वैद्य, १९९३ ई.) : ४०१-०३) कर्कप्याट्रिक, ह्यामिल्टन, रत्नाकर देवकोटा, सूर्यमणि अधिकारीलगायतका केही इतिहासविद्हरूले चौबीसी राज्यहरूको सङ्ख्या २४ वटा देखाए पनि गण्डकी प्रदेशमा छरिएर स्थापित भएका चौबीसीको सङ्ख्या ओल्डफिल्डले २७ र २६ देखाएका छन् । यसैगरी २२ सी राज्यहरूको सङ्ख्या पनि २१ देखि ३१ वटासम्म देखाइएको पाइन्छ । गण्डकी प्रदेशमा १२ र १८ ठकुराईमध्ये प्यूठान पनि एक ठकुराई राज्य मानिएको छ । (गौतम, २०३३ वि.सं. : ४२)

प्यूठान राज्यमा सिं, शाह, चन्द आदि चन्द्रवंशी ठकुराईहरूको अस्तित्व पाइन्छ । प्यूठान राज्य मध्यपश्चिमाञ्चल क्षेत्रको राप्ती अञ्चलको मध्यपहाडी भू-भागमा अवस्थित थियो । यो राज्य मध्यकालको उत्तरार्ध र आधुनिककालको पूर्वाद्धको इतिहासमा गडकी प्रस्रवणक्षेत्रमा विस्तारित चौबीसे राज्यमध्येको एउटा शक्तिशाली राज्यको रूपमा वि.सं. १५६० मा स्थापना भएको थियो । (अधिकारी, २०७५ वि.सं.: ३६८) विश्वमान चित्रमा प्यूठान राज्यको भौगोलिक अवस्थिति ८२।३०ू देखि ८३ पूर्वी देशान्तर र २७.५५ू उत्तरी अक्षांशको वीचमा फैलिएको छ । (मे.म. २०३१ वि.सं. : १३७) समुद्री सतहबाट यसको उचाई ३०५ देखि ३६५९ मीटर रहेको छ र १३६५ व.कि.मी. क्षेत्रफल रहेको छ । दक्षिणपट्टिको मधेसबाट उत्तरतर्फ अग्लिँदै यस राज्यको वार्षिक औषत तापक्रम २४ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस रहेको छ । वर्तमान प्यूठान जिल्लाको पूर्वमा गुल्मी, पश्चिममा दाङ्ग र रोल्पा, उत्तरमा रोल्पा र बागलुङ्ग तथा दक्षिणमा दाङ्ग र अर्घाखाँची पर्दछन् । मध्यकालमा प्यूठान राज्यमा बाईसी र चौबीसी राज्यहरूको चौहदीको रूपमा रहेको अर्थात् बाइसी र चौबीसी राज्यको सिमानामा अवस्थित थियो । प्यूठानको पूर्वमा धूरकोट र गुल्मी, पश्चिममा दाङ्ग र फलवाङ्ग, खुँग्री र गजुल, उत्तरमा पर्वत र मलेवम दक्षिणमा अर्घा, खाँची र पाल्पा राज्यहरू पर्दथे । भिङ्ग्री राज्य प्यूठान राज्यभित्रै पर्दथ्यो ।

प्यूठान राज्यमा धर्मावती, माण्डवी र राप्ती नदी तथा यिनका सहायक खोलाहरू गर्तङ, लुङ, खप्रेङ, मरन्ठाना, छापे, जुंम्री, लंग्री, बग्दथे । प्यूठान राज्यको राजधानी भित्रीकोटमा ४ सय र सम्पूर्ण प्यूठानमा १४ हजार घरधूरी थिए । लेकाली, पहाडी र बेंशी भाग भएको प्यूठान त्यतिबेला सम्पन्न राज्यको रूपमा रहेको थियो । चौबीसी राज्यमध्येको दोस्रो स्थानमा पर्ने प्यूठान राज्यमा ब्राह्मण, क्षत्री, मगर, गुरुङ, ठकुरी, सन्याशी, टोमटो, कामी, सुनार, सार्की आदि जातिको बसोबास थियो । अहिले पनि भित्रिकोटको वरिपरि गुरुङ र अधिकांश पहाडी क्षेत्रमा मगरहरूको बस्ती कायमै छ । बाईसी राज्यहरूको पूर्वी र चौबीसी राज्यहरूको पश्चिम सिमानामा पर्ने प्यूठान राज्य गोरखादेखि पश्चिम प्यूठान माडी खोलाको पानी ढालोसम्मको क्षेत्र चौबीसीमा पर्ने हुँदा पाल्पा, पर्वत, कास्की, लमजुङ, तनहुँ सरहकै शक्तिशाली चौबीसी राज्यभित्र प्यूठान राज्यको अस्तित्व पाइन्छ ।

## अध्ययनको समस्या:

मध्यकालीन प्यूठान राज्यले बाईसी र चौबीसी राज्यको सिमाना कायम गरेको हुनाले यो राज्य शक्तिशाली रहेको वर्णन पाइन्छ । यहाँ यस लेखमा प्यूठानी शासक, प्रशासन, वैदेशिक सम्बन्ध, आर्थिक, सामाजिक र धार्मिक

एवं कला वास्तुकलाको स्थितिबारे व्याख्या विश्लेषण गर्नका लागि पर्याप्त स्रोत साधनहरूको अभाव हुनु नै यस अध्ययनको समस्या रहेको छ । यस राज्यलाई कसैले बाईसी राज्यभित्र र कसैले चौबीसी राज्यभित्र गणना गरेका कारण अध्ययनमा समस्या उत्पन्न भएको छ ।

## अध्ययनको उद्देश्य:

यस अध्ययनको प्रमुख उद्देश्य मध्यकालीन प्यूठान राज्यको परिचय र पृष्ठभूमि दिएर यसको शासन, राज्य प्रशासन, धार्मिक, सामाजिक, आर्थिक र कल संस्कृतिको विकासबारे जानकारी गराउनुमा केन्द्रित रहेको छ । यस लेखको प्रमुख ध्येय बाईसी र चौबीसी राज्यभित्र प्यूठानको अस्तित्व कायम रहेको देखाउनु हो ।

## अध्ययन विधि:

प्रस्तुत लेखमा प्राथमिक र द्वितीय स्रोतहरूको उपयोग गरी दुई वा सो भन्दा बढी स्रोतको बीचमा तुलना गरेर विश्वासयोग्य स्रोतको उपयोग गरिएको छ । ऐतिहासिक, वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी यस लेखमा ए.पी.ए. स्टाइलको प्रयोग गर्दै गुणत्मक विधिको उपयोग गरिएको छ ।

## अध्ययनको सीमा:

यो अध्ययनको सीमा मध्यकालीन प्यूठान राज्यको पृष्ठभूमिसँगै यसको राज्य प्रशासन आर्थिक, सामाजिक, राजनीतिक र कला वास्तुकलासम्बन्धी जानकारी गराउनुमा केन्द्रित रहेको छ । यसको अतिरिक्त यो राज्य बाईसी र चौबीसीमध्ये कुनमा पर्दथ्यो भन्ने कुराको निर्क्योल गर्नुमा पनि सीमित रहेको छ ।

## नतिजा र छलफल:

यस लेखमा प्यूठानी राजाहरूको परिचयसँगै उनीहरूले सञ्चालन गरेको राज्य प्रशासन, राज्यको आर्थिक, सामाजिक, राजनीतिक र धार्मिक स्थितिको अध्ययन गर्दै त्यहाँको तत्कालीन कला वास्तुकलाको सामान्य परिचय दिइएको छ । उपरोक्त विषयलाई यहाँ क्रमशः व्याख्या विश्लेषण गरिएको छ :

### (१) प्यूठानी राजाहरूको शासन र राज्य प्रशासन:

प्यूठान राज्यका १४ जना शासकहरूमा पृथ्वीपतिराज नवौँ पुस्तामा पर्दछन् । वि.सं. १७६० मा उनको ताम्रपत्र फेलापरेको हुनाले उनीभन्दा अगाडि यहाँ ८ जना राजाहरूले शासन गरे । प्यूठानका राजाहरूले ३५० वर्ष शासन गरे । वंशावलीअनुसार प्यूठानमा लटराज, भुवराज, नरहरि राज, नरीन्द्र राज, गजीन्द्र राज, सुर्तान राज, दलपति राज, रांसाही राज, पथ्वीपति राज, उदत राज, मोतिचन्द राज, मानिकचन्द राज, दीपप्रतापचन्द राज र रुद्रप्रतापचन्द राज नाम गरेका राजाहरू थिए । (गिरी, २०५२ वि.सं.: १४) प्यूठानका संस्थापक राजा लटराज थिए । वि.सं. १५६० तिर लटराजद्वारा स्थापित चन्द राज्य आर्थिक दृष्टिले सम्पन्न थियो । उनको राज्यकालमा मगर र ठकुरीहरूको प्रभुत्व थियो । उनले सबै जातिको लोकसंस्कृति र लोकपरम्पराको जगेर्ना गरे । यिनकै वंशका नवौं राजा पृथ्वीपतिराजको वि.सं. १७६० को ताम्रपत्र निर्मलनाथको थानमा भेटिएको छ ।

यिनले हिन्दू भए गाई खाए सरह र मुसलमान भए सुँगुर खाए सरह धर्म नष्ट हुने भनी ताम्रपत्र गरेको पाइन्छ । (अधिकारी, २०७३ वि.सं. : ३३५) यिनले ठकुरी वंशका भाइ भतिजाहरूलाई विभिन्न प्रशासनिक पदहरूमा नियुक्त गरी करताल शाह, भूपाल शाह, मनरावल, अकवर खड्का आदिको सहयोग लिए । त्यतिबेलाको ३६ कर मध्येमा अपुताली, चाक चकवाई, दण्डकुण्ड आदि पर्दथे । यिनको पालामा कृषिसँगै भूस्वामित्व तथा भोगाधिकार राजा र जनता हुने गर्दथ्यो र गाईपालन व्यवसाय फस्टाएको थियो । त्यतिबेला शाह, राना, खड्का, रोका, थापा, सन्याशी, महतारा आदि जातको प्रभाव राज्यमा विद्यमान थियो । यिनको राज्यकालमा सूर्य, चन्द्र, बासुँकी नाग,

वर, पीपल आदिलाई साक्षी राख्ने र धातुको पातामा सूर्य, चन्द्र, त्रिशूल र शक संवत् लेख्ने प्रचलन कायम थियो । राजाले सामाजिक तथा धार्मिक कार्यका लागि गुठी जग्गा राख्दथे । ४ वर्ण र ३६ जातको अस्तित्व कायम थियो ।

वि.सं. १८१० देखि १८३४ सम्मम राज्य गर्ने पृथ्वीपति राजका नाती, उदत राजका छोरा मनिकचन्द ११ औं प्यूठानी राजा थिए । वाग्दुला तालगाउँमा उपलब्ध वि.सं. १८३२ को ताम्रपत्रअनुसार मानिक चन्दको समयमा गोरखा राज्यसँग प्यूठानको सुमधुर सम्बन्ध कायम रहेको पाइन्छ । गोरखाले पश्चिमी आक्रमण गर्ने योजना बनाउँदा प्यूठान बलियो राज्यको रूपमा रहेको थियो । त्यतिबेला प्यूठान राज्यले गोरखाको विरोधमा पर्वत राज्यको गुटबन्दीमा लागेको थियो । यिनको पालामा शैव सम्प्रदायको नाथ तथा भैरव मत लोकप्रिय तथा कलात्मक क्षेत्रमा विशेष उन्नति भयो । यिनले वि.सं. १८३४ मा राजगद्दि छोरा मोतिचन्दलाई सुम्पिदिएका थिए र उनी १२ औं पुस्ताका शासक बने । वि.सं. १८३५ देखि १८३८ सम्म राज्य गरेका मोतिचन्दको शासनकालमा आएर प्यूठानको आर्थिक स्थिति कमजोर भयो । यिनले कैयौं रजबन्धक जमिन वितरण गरे । यिनको शासन अन्य शासकहरू भन्दा बढी विकेन्द्रित हुँदा थुम-थुममा उमरा र त्यसको मातहतमा द्वारे नियुक्त गर्दा उनीहरूले राजस्व संकलन गर्दा भन्सार कर आदिको दुरुपयोग गरे ।

मोतीचन्दका नाति दीपप्रताप चन्दका छोरा रुद्रप्रताप चन्द प्यूठान राज्यका अन्तिम शासक थिए । यिनको पालामा गोरखाका काजी दामोदर पाँडे, जगजित पाँडे, सुब्बा फौदसिंह आदिको नेतृत्वका गोरखाली सैन्य दल धूरकोट पुगी प्यूठान पसेको थियो । बिना तरबार प्यूठान गोरखाली सैन्य दलले हात पारी सो राज्य सल्यानलाई सुम्पियो । ह्यामिल्टनले प्यूठानका अन्तिम राजा भागेर रामनगरमा शरण लिएको कुरा उल्लेख गरेका छन् । त्यतिबेला रामनगर तनहुँ राज्यको अधीनमा इष्ट इन्डिया कम्पनीको संरक्षणमा थियो । रणबहादुर शाहकी छोरी तेजलक्ष्मीको विवाह रामनगरका राजा तेजप्रताप सेनसँग गरेर उनलाई चितवनको माडी र ठोरीका भू-भागहरू दाइजो दिइएको थियो । वि.सं. १८४३ को कार्तिक १९ गते बुधबारका दिन प्यूठानको चन्द राज्यको अस्तित्व समाप्त गरी प्यूठान राज्यलाई विशाल नेपालभित्र गाभियो । (तेवारी, १८४३ वि.सं. : ६१)

वर्तमान प्यूठानको खलङ्गा बजारदेखि ९ कि.मी. उत्तर-पश्चिममा अवस्थित भित्रीकोट तात्कालीन प्यूठानी राजापरिवारको वासस्थान मात्र नभएर प्रशासनिक केन्द्र अर्थात् राजधानी थियो । पहाडको टाकुरामा अवस्थित भित्रीकोट राजधानी बाइसे र चौबीसे राज्यहरूकाझैं मजबूत किल्लाको रूपमा विकसित भएकाले सैनिक तथा सामरिक दृष्टिले सुरक्षित थियो । त्यतिबेला सबै बाइसे र चाबीसे राज्यहरूका हतियार खुकुरी, भाला, चुपी, धनुवाण, ढुङ्गा आदि थिए र भीर, पाखा, भञ्ज्याङ्गजस्ता प्राकृतिक साधनहरूका निकट बसोबास गर्ने प्रचलन थियो । राजदरबार लगभग १३५ फीट पूर्व-पश्चिम र ११५ फीट उत्तर-दक्षिण आयातकारमा फैलिएको थियो र ४ फीट फराकिलो पर्खालले घेरिएको थियो । राजदरबार तथा मन्दिरको अस्तित्व देख्दा त्यतिबेला काष्टकलाको क्षेत्रमा निकै प्रगति भएको आभाष मिल्दछ । राजदरबारको वरिपरि ४ सय घरधूरी भएको भित्रीकोटमा गुरुङगाउँ, बाहुनगाउँ, खोलीगाउँ, थपकोट, बराह पाती, वाग्दुला, पुण्यखोला, टिकुरी, विजुवार र भित्रीकोट पर्दछन् । भित्रीकोट र बृद्धिकोटका अवशेषहरू जीर्ण अवस्थामा छन् ।

तात्कालीन प्यूठान राज्यको शासन पद्धती हिन्दू आदर्श र नैतिकताको आधारमा विकेन्द्रीकरणको सिद्धान्तमा आधारित थियो । शुक्रनीतिको भनाईअनुसार राजा जनताका आनन्दका स्रोत ठानिए पनि शासकहरू दैवी सिद्धान्तका पृष्ठपोषाक बनेर राणाकालीन श्री ३ तथा श्री ५ को जस्तो उपाधि ग्रहण गर्न थालेका थिए । राजाले पञ्चखत गर्ने, मृत्यु दण्ड दिने, माफि दिने, सेनाको नेतृत्व दिने युद्धमा जाने, सन्धि सम्झौता गर्ने, भाइ भतिजाहरूलाई उपराज नियुक्त गर्ने आदि गर्दथे । भारदारहरू राख्ने, राजकुमारलाई अधिकार दिन र गुरुपुरोतिहरू नियुक्त गर्ने परम्परा विद्यमान थियो । प्रशासन, सैनिक, धार्मिक, न्यायिक, आर्थिक र वेदैशिक कार्य सम्पादनको लागि भारदारहरू नियुक्त गरिन्थे भने राजालाई सल्लाह दिन र थुम-थुमको शासन चलाउन राजकुमारहरूलाई अधिकार प्रत्यायोजन गरिएको हुन्थ्यो । कर्मकाण्ड र धार्मिक अनुष्ठानका कार्यहरू सञ्चालन गर्न गुरुपुरोहित नियुक्त गरिन्थे ।

त्यहाँका चन्द्रवंशी राजाहरूका गुरुपुरोहित तथा धर्माधिकारीहरू सुवेदी, पंडित, भट्ट, नाथ आदि थरका नारेश्वर, वैकुण्ठ, मिलापनाथ, रजाराम, निर्मलनाथ, मनसानाथ आदि नाम गरेका थिए । प्रायः गरी खड्का थर हुनेलाई उमरा पदमा नियुक्त गरिन्थ्यो र प्रशासन तथा सैनिक क्षेत्रमा सरदारको भूमिका प्रमुख थियो । प्यूठान राज्यको सामान्य प्रशासन, न्याय प्रशासन र आर्थिक क्षेत्रमा उमराहरूको विशेष हैकम थियो । द्वारेहरू गाउँको रक्षकका रूपमा नियुक्त भई उमराको मातहतमा रहन्थे । पहाडी क्षेत्रमा द्वारे र तराई क्षेत्रमा चौधरीको नियुक्ति गरिन्थ्यो । स्थानीय प्रशासक तथा राजाको सन्देश बाहकको रूपमा प्यूठान राज्यमा द्वारेको नियुक्ति गरिएको थियो । द्वारेलाई काम कारवाहीमा सहयोगार्थ कटुवालको व्यवस्था गरिन्थ्यो । प्यूठान राज्यको स्थानीय क्षेत्रमा कटुवालहरूको बाहुल्यता रहेको थियो । उनीहरूको हाक, उर्दी र सूचना सबैले मान्नु पर्ने हुन्थ्यो । प्यूठानमा "कहाँका राजाराम कहाँका गने भण्डारी" भन्ने उखान अद्यावधि जीवितै छ । (गिरी, पूर्ववत् : ३२)

राजभण्डार र ढुकुटीको संरक्षक तथा देख रेखका लागि भण्डारेको प्रभाव प्यूठानको भित्रीकोट दरबारमा विद्यमान थियो । टारी, लप्लुङ, पाखाचिती, कुटीचौर, फोप्ली, चिसवाङ आदि गाउँठाउँमा उनीहरूको बस्ती भेटिन्छ । प्यूठानमा स्थानीय क्षेत्रको विकास निर्माणको साथै न्यायिक कार्यहरू पनि पञ्चायतले गर्दथ्यो । प्यूठानमा लाग्ने मेलापर्वहरूमा उखै-उखै भन्दै तरबार नचाउने परम्पराले त्यस राज्यमा हातहतियार र त्यसको उपयोगिता प्रष्टिन्छ । प्यूठान राज्यको सैनिक शक्ति प्रबल थियो र त्यहाँ जुम्लाका जस्तै झराली सैनिकहरूको व्यवस्था गरिएको थियो । बाँदीकोट, खलङ्गा, आरनेता आदि ठाउँमा हतियार बनाइन्थे । प्यूठानको प्रशासनमा उमरा, द्वारे, कटुवाल आदि भारदारहरूले स्थानीय समस्याहरूबारे राजालाई जाहेर गर्दथे भने गुरु पुरोहितले न्यायिक क्षेत्रमा सरसल्लाह दिन्थे । त्यहाँ वर्णाश्रम धर्मअनुसार चल्नु पर्दथ्यो र न्यायिक मामिलामा "खुनको बदला खुन" भन्ने प्रतिशोधात्मक दण्डपद्धतिको अवलम्बन गरिएको थियो ।

### (२) प्यूठानको आर्थिक, सामाजिक र धार्मिक अवस्था:

प्यूठान राज्यमा पहाड, वेंशी, फाँट, खोँच र मधेस सबै प्रकारको भू-भाग भएकोले त्यहाँको अर्थिक जीवन भिन्न भिन्न शैली र ढाँचामा आधारित थियो । माण्डवी, धर्मावती, राप्ती र यिनका सहायक खोलानालाहरूबाट सिँचित मलिला उर्वर फाँटहरू खेतीयोग्य थिए र पशुपालन फस्टाएको थियो । खेत, पाखो र वनजङ्गलयुक्त राज्य प्यूठानको अर्थतन्त्र कृषि व्यवसायमा आधारित थियो । प्यूठान राज्यमा कृषि, सरकारी भूमि, सार्वजनिक भूमि, रैकर भूमि, गुठी जग्गा, बिर्ता जग्गा, बन्धक जग्गा, जागीर जग्गा आदिको व्यवस्था गरिएको थियो । वनजङ्गल र पर्ति जग्गामा सरकारी स्वामित्व कायम थियो । प्यूठानी राजाले बाहिरबाट मानिसहरू झिकाएर "रस्ती रसाई वस्ती बसाई" गराएका थिए । तात्कालीन प्यूठान राज्यमा गौचरण, मसानघाट, पानीघाट, हाट बजार, मन्दिर क्षेत्र आदि सार्वजनिक स्वामित्वमा उपयोग भएका थिए । प्यूठान राज्यमा पुरानो रैकर र रैकर गरी २ प्रकारका जग्गा जमिनहरू थिए । राजालाई जनताले राज्यकर बुझाउँदथे । सरकारी र गैरसरकारी गरी गुठी जग्गाहरू पनि २ प्रकारका थिए । प्यूठानी राजाहरू मानिकचन्द र पृथ्वीपतिले खेत र वनका जग्गाहरू पनि मष्टा, नाथ, भीमसेन, शिव, शक्ति आदिलाई प्रदान गरेका गुठी जग्गाहरू अद्यापि देवालयहरूको नाउँमा नाप नक्सा भएका छन् । राजपरिवार तथा राजाका प्रियपात्र, पण्डित, पुरोहित र सेवकहरूलाई बृत्ति जीवन निर्वाहाका निम्ति बिर्ता जग्गा प्रदान गरिएका थिए । (जि.वि.स.का., २०५० वि.सं.: ९) राजा तथा जनता दुबैले रुपैयाँको आवश्यक पर्दा जग्गा बन्धक राखी ऋण लिने प्रचलन प्यूठान राज्यमा चलेको थियो । एकीकरणपछि सबै रजबन्धकहरू रैकरमा परिणत भएका थिए । (अधिकारी, २०४२ वि.सं.: १४५) अन्य बाइसी र चौबीसी राज्यहरू जस्तै प्यूठान राज्यमा पनि कर्मचारीहरूलई पारिश्रमिक वापत् जागीर जग्गा प्रदान गरिएका थिए ।

प्यूठानको फलाहारी देवताको एउटा पत्रमा "जागीर" जग्गाको उल्लेख परेको छ । (योगी, २०२२ वि.सं. : ५६६) प्यूठानी राजाहरूले रजबन्धक जग्गा प्रदान गर्दा जग्गाको ४ किल्ला खुलाउँदा कुलाको साँध, बाँध, सडक, रानी कुलो, गोर्खे कुलो गढकुलो आदि उल्लेख भएका कागजातबाट पुष्टि भएअनुसार त्यतिबेलाका प्यूठानी शासकहरूले सिंचाईको क्षेत्रमा उल्लेखनीय कार्य गरेको पाइन्छ । जग्गा नापजाँचपछि रजबन्धक थमौति र

क्षेत्रफलमा विजपाथी लाग्ने आधारमा निर्धारण गरिएको थियो । वि.सं. १८९४ सालमा मोही विरौटो खेत नापी भएको सन्दर्भबाट पाखोमा खेत बनाउँदा नापजाँच गरी क्षेत्रफल निर्धारण गर्नु पर्ने परम्परा विद्यमान देखिन्छ । राम शाह र जयस्थिति मल्लले निर्धारण गरेजस्तै गुठी तथा बिर्ता जग्गाको प्रमाण पुऱ्याउन नसकेमा जसले भोग चलन गरेको छ; उसको हक स्वमित्व हुने व्यवस्था प्यूठानमा लागू गरिएको पाइन्छ । प्यूठानको पहाडी तथा तराई भागमा धान, मकै, गहुँ, जौ, फापर, कोदो, आलु मास, मस्याङ, अदुवा, घैया, झिल्टुङ, गहत, मुंगमास, केराउ, मकै, तोरी, काफल, आँप, कटहर, निवुवा आदि नगदे तथा खाद्यान्न बाली र फलफुल तरकारी खेती हुन्थ्यो । पहाडी क्षेत्रमा घोडा, खच्चर पालिन्थे र तराईमा गाई-भैंसी, भेडा-बाखा आदि पालिन्थे । प्यूठानमा खरी ढुङ्गा, स्लेट, तामा, फलामबाट भाँडावर्तन, गरगहना र हातहतियारहरू निर्माण गरिन्थे । बेत, बाँस, निगालोबाट डोका, नाम्ला, फुवाँ, डाला, पेरुङ आदि सामग्रीहरू बनाइन्थे । प्यूठान राज्यमा खशान क्षेत्रबाट आएका टोमटा, सुनार, लोहकार, कुमाल, सार्कीजस्ता शिल्पकारहरूले परम्परागत व्यवसायहरू सञ्चालन गरेका थिए । कागज, कम्मल, राडीपाखी, गलैंचा, घरबुना, घुमादि वस्त्रहरू तयार गरिन्थे । बाइसी र चौबीसी राज्यहरूसँग प्यूठान राज्यको बाह्य व्यापार तथा राज्यभित्र उत्पादित वस्तुहरूको व्यापार चलेको थियो । प्यूठान राज्यमा सुन तथा तामाका धातु पाइने भएकाले धातुका टुक्राहरू पनि विनिमयको माध्यम हुन सक्ने अडकल गर्न सकिन्छ ।

प्यूठानी राजाहरूले बिर्तापत्र, बन्धकपत्र, ताम्रपत्र, आदि तयार गर्दा जमिनको नाप, अन्नको नाप, औंला, बित्ता, हात आदिको उल्लेख गरेको पाइन्छ । दरबार, सरकारी, सार्वजनिक कार्यमा बाटो, पुल, बाँध, कुलो मसानघाट आदिको निर्माण कार्य गर्द झारा, बेगबेगारको परम्परा प्यूठान राज्यमा कायम थियो । झारा बेठबेगार अनिवार्य र स्वेच्छिक पनि हुन्थ्यो । झारामा सैनिकहरू खटाइएको पाइन्छ । अर्थतन्त्र कृषिमैं आधारित भएकाले भूमि मुख्य स्रोत थियो । राजश्वको स्रोत अन्य बाइसी र चौबीसी राज्यहरूमा जे जे थिए त्यो प्यूठान राज्यमा पनि कायम थिए । प्यूठान राज्यमा खशान क्षेत्रको वर्ण-व्यवस्थाको आधार बलियो बनेको थियो । मर्स्याङ्दी नदीदेखि प्यूठानसम्मको सबै पहाडी प्रदेश मगरातभित्र पर्दथ्यो । (नेपाली, २०२२ वि.सं. : १९१) सामाजिक संरचनामा उपाध्याय, सुवेदी, पोखरेल, गोतामे, तिम्सिना, कोइराला, लामिछाने, रेग्मी, जैसी आदि थरका ब्राह्मणहरूको स्थान माथि परेको यियो । राजालाई सल्लाह दिनेदेखि लिएर यज्ञ, कर्मकाण्ड आदिको नैतिक दायित्व यिनै ब्राह्मणहरूले लिएका थिए । प्यूठान राज्यमा ठकुरीमा चन्द र शाहको बाहुल्यता रहेको र क्षत्रीमा खड्का, राउत, महतारा, विष्ट, बोहोरा, भंडारी, कार्की, घर्ती आदिको बाहुल्यता रहेको थियो । प्यूठान राज्यमा आर्य समूहका क्षत्रीहरूले परम्परागत ढङ्गले ब्रतबन्ध गरेमा 'खश' क्षत्री र नगरेमा 'खवास' क्षत्री भन्ने गरिन्थ्यो । प्यूठानको राजनैतिक र आर्थिक क्षेत्रमा दशनामी सन्याशी र बाह्रपन्थीहरूको प्रभाव थियो । प्यूठान मगरातमा पर्ने भएकाले मर्स्याङ्दीदेखि भेरी नदीसम्मको पहाडी बस्तीहरूमा मगरहरूका बस्तीहरू थिए ।

प्यूठान राज्यमा चन्द पूर्व मगरहरूको अस्तित्व राजाको रूपमा रहेको पाइन्छ । ठकुरी र मगरको सम्बन्धवारे भनिएको छ-"ठकुरी कुलमा, गिरि जो गएका, गिरिगिरिकन जो मगर भएका" मगरको वंशावली हराएर जान्छ, ठकुरीको गाउँमा पत्ता लाग्दछ भन्ने कार्खा गाइनाले ठकुरीका थरसँग मगरको पारिवारिक सम्बन्ध रहेको आभाष पाइन्छ । (बराल मगर, २०३७ वि.सं. : ७५) प्यूठान राज्यमा वर्तमानमाझैं मगरहरूको बाहुल्यता थियो । प्यूठानमा ब्राह्मण, क्षत्री, मगरलगायत शिल्पकार र कालीगढसहित कामी, दमाई, सार्की, गाइने, बादी, सुनार, टोमटो आदि थरका पेसेवार समूहहरूको बसोबास थियो । (मल्ल पर्वते मगर, २०३२ वि.सं. : १७९) प्यूठान राज्यमा पितृप्रधान समाज भएकाले संयुक्त परिवार प्रथा कायम थियो जसअनुसार राजाको जेठो छोरो नै युवराज राजा हुने गर्दथे । परिवारमा जेठो छोराले नेतृत्व गर्दथ्यो । पितृ, ऋषि र देव ऋण तिर्न सन्तानको आवश्यकता पर्दथ्यो । समाजमा धर्म र धर्माधिकारीहरूको विशेष प्रभाव थियो । धर्मगुरु तथा राजगुरुहरूले राजोचित ढङ्गले शिक्षा प्रदान गर्दथे । राजा पृथ्वीपति शाहको वि.सं. १७६० को ताम्रपत्रमा "हिन्दू हरे, गौ खावे मुसलमान हरे, सुँगुर खावे" भन्ने व्यहोरा पाइन्छ । (गिरी, पूर्ववत् : ६३) शिक्षा दीक्षामा ज्योतिषी र जोइसी-जैसीको अस्तित्व देखिएको पाइन्छ । प्यूठानमा देवनागरी लिपिमा हिन्दी, संस्कृत, पर्वते भाषा मिश्रित गरिएका ताम्रपत्र, भुर्जपत्र, ताडपत्र, कलम, मसी आदिले यहाँको शैक्षिक स्तर निर्धारण गरेको पाइन्छ । प्यूठानीहरू रेसुंगा मठबाट दीक्षित भएर भारतको बनारसमा विद्योपार्जन गर्न जाने गर्दथे ।

प्यूठानको पहाडी भागमा बस्नेहरूले बस्त्राभुषणको रूपमा बाक्ला बख्खु, कम्मल, राडी, पाखी आदि तयार गरेर भोटो, कोट, टोपी, सुरुवाल, पटुका, साडी, चोलो, पैरन्थे र तराईमा बस्नेहरूले धोती, कछाड, मेखलो पुरुषले र महिलाहरूले चौबन्दी चोलो, साडी लगाउँथे र गरगहनाको रूपमा कुण्डल, माला, हार, फुली, मुन्द्री, चारपाटे, वाजु, वाला, कल्ली, आदि सुन चाँदीका गहना लगाउँथे । रङ्गीन र मसिना बस्त्रहरू प्रायः भारतबाट खरिद गरिन्थे । समाज धर्मद्वारा निर्देशित भएको हुँदा चाडपर्वहरू पनि धार्मिक अनुष्ठानअनुसार मनाइन्थे । प्यूठान राज्यमा वर्षचक्र र संस्कार पद्धतिमूलक चाड पर्वोत्सवहरू तथा संस्कार कर्महरू गरिन्थे । मादल, मुरली, विनायो, मुर्चुङ्ग, भ्याली, सनाही आदि परम्परागत वाद्यवादनका सामग्रीहरूको प्रयोग गरिन्थ्यो । त्यस्तै मनोरञ्जनका सामग्रीहरूमा पौडी, शिकार, पशुयुद्ध, पक्षीयुद्ध, चाडपर्व, ब्रतोत्सव, दौड, छेलोहान्ने, दोहोरी गाउने, पूजाआजामा नाच्ने, यज्ञ, कर्मकाण्ड, नगरा, रासा, धोपा बजाउने आदि प्रचलन गुठीबाट चलाउने गरिन्थ्यो । समग्रमा भन्नुपर्दा प्यूठानी समाज नाचगानमा सौखिन थियो ।

प्यूठान राज्यमा हिन्दू धर्मावलम्बीहरूको बसोबास भएकाले त्यहाँ शैव, वैष्णव र शाक्त सम्प्रदायसहित तान्त्रिक देव भैरव, महाकाली, जाल्पा, धामी, झाँक्री, वराह, मष्टा, भूमे, क्षेत्रपाल, पालु आदि देवीदेवताहरूको पूजाआजा गरिन्थ्यो । प्यूठानका बासिन्दाहरू मन्दिर र मूर्ति स्थापना नभएका चौतारी, पाटी, देउराली, भञ्ज्याङ्ग, लेक, वेंशी, पत्थर, थुम-थुममा पनि देवदेवी बस्ने निवासको कल्पना गरी अक्षता, धूप, ध्वजा, वनौरा चढाएर पूजा गरी धार्मिक भावनाको सन्तुष्टि लिने कार्य गर्दथे । आकाशका सूर्य र चन्द्र, पातालका बासुकी बीचको वायुमण्डल, वरपीपल, झिम्रुक गङ्गालाई साक्षी राखेर धर्मपत्र र धर्मसाधना गर्ने गर्दथे । नेपालभित्र मुक्तिक्षेत्र, गण्डकी, कुरुक्षेत्र, वराहक्षेत्र, पशुपतिनाथ र नेपाल बाहिर बद्री, केदार, काँसी, गया, गोरखनाथ आदि तीर्थस्थलहरूमा जाने गर्दथे । प्यूठानको खैरा, लुङ, कोचिवाङ, बाङ्गेशाल, खलङ्गा, विजयनगर, रम्दी, विजुवार, सारी, तिराम आदि गाउँठाउँहरूमा शिवजीको लिङ्ग उपासना गराई खलङ्गा, रामेश्वर, महादेव, दोवाईको शिवालय, क्वाडीको शिवालय वाग्दुला शिवालय, स्वर्गद्वारीको शिवालय आदि क्षेत्रमा दर्शन गर्न जाने गर्दथे । शैव सम्प्रदायका प्यूठानी बासिन्दाले शिव, महादेव, शंकर, भव, शर्व, रुद्र, इशान, असनी आदि नाम पुकार्ने र पूजा गर्ने गर्दथे ।

प्यूठानी चन्दवंशी राजाले मेहेलनाथ थानलाई वन, घर, घडेरीखेत आदिको गुठीस्थापना गरिदिएका थिए । प्यूठानका अधिकांश देवालयहरूमा एकमुखे र बाग्दुला तालको लिङ्ग प्रतिष्ठापित थियो । देवालयका अधिकांश मूर्तिहरूमा तान्त्रिक प्रभावका फुलबुट्टाहरूका सांकेतिक आकृति पाइन्छ । त्यहाँको गणेश मन्दिरको तोरण पनि तान्त्रिक प्रभावको उत्कृष्ट नमूना हो । प्यूठान राज्यमा शैवधर्मको नाथ वा नाथीमत निकै लोकप्रिय थियो । यसका अनुयायीहरूले आफ्नो नामान्तमा 'आनन्द र नाथ' शब्द जोडेको पाइन्छ । 'ना' भन्नाले ब्रह्म र 'थ' भन्नाले अज्ञानताको नाश भन्ने बुझिन्छ । गोरखनाथी, धर्मनाथी, पवित्र, कनफटा आदि नामले योगीहरूलाई सम्बोधन गरिन्छ । नाथ सम्प्रदायका कनफट्टा योगीहरू मूलतः सिद्ध गोरखनाथका नामले प्रसिद्ध छन् । प्यूठान राज्यमा निर्मलनाथ, संसारनाथ, मेहलनाथ, दुवनाथ, प्रापतनाथ, प्रापतनाथ, क्याडी विजुवार खैरा गोरखनाथलाई निकै महŒव दिइएको पाइन्छ । गोरखनाथको गुठी हंसपुर, खैरा, लुङ आदि ठाउँमा हुनुको साथै भित्रीकोट दरबारका निकट गुफामा गोरखनाथको थान स्थापित छ र अद्यापि पूजापाठ गरिँदै छ । यी नाथहरूमा अद्यपि रोट चढाइन्छ । दशनामी सन्याशीहरू हिन्दूधर्मका प्रवर्तक शंकराचार्यका चेला भएकाले उनीहरू शंकराचार्यबाट प्रभावित छन् । (उपाध्याय, १९९५ ई. : ३)

बैष्णव सम्प्रदायका अनुयायीहरूले हरेक मन्दिर तथा आ-आफ्ना पूजाकोठाहरूमा शालीग्राम राख्ने गर्दछन् । प्यूठानी राजाहरूले लेखाएका विभिन्न शिलालेख र ताम्रपत्रहरूमा मुक्तिक्षेत्र, रीडी, गण्डकी, नारायण, लक्ष्मी तथा विष्णुका १० अवतार मध्ये वराह, राम, कृष्ण अवतारको प्रभाव परेको पाइन्छ । कुलपूजा गर्दा वराहको पूजा गरिन्यो । भित्रीकोट ठानाचौर निकट रहेको वराहपाती गाउँ, खलङ्गा रामेश्वर महादेवको मन्दिरमा रहेको विष्णुमूर्ति, हरिहरको मूर्ति, गरुडनारायणको मूर्तिले वैष्णव सम्प्रदायको जानकारी गराएका छन् । विजुवारको लक्ष्मीनारायण गुठी मार्फत् सबैको पूजाआज सञ्चालन गरिएको छ । प्यूठान खलङ्गा तथा विजुवार बजारमा भीमसेनको स्थापना गरी गुठी राखिएको छ भने भीमसेनलाई व्यापारमा बल दिने सिद्धी ल्याउने सफल देवताको

रूपमा नेवारहरूले लिने गरेका छन् । प्यूठान विजुवार र खलङ्गा मन्दिरको गर्भगृहमा भीमसेनका प्रस्तर मूर्तिहरू प्रतिष्ठापित छन् । यसरी प्यूठान राज्यमा शक्तिको भक्ति पूजा गरिने परम्परा बसेको पाइन्छ । लक्ष्मीनारायणको शक्तिको रूपमा लक्ष्मीको उल्लेख गरेर उनले धन, सम्पत्ति र ऐश्वर्यको प्रतिनिधित्व गरेको संकेत गरिएका कागजपत्रहरू उपलब्ध भएका छन् । (पाण्डेय, २०३५ वि.सं. : १४१)

जाल्पादेवीको मन्दिर र गुठी प्यूठान राज्यमा विद्यमान छ । चैत्रदसैं र बडादसैंका अवशरमा कालिकादेवीलाई बलिपूजा गर्ने प्रचलन प्यूठानमा अझै जीवितै देखिन्छ । प्यूठानका क्षत्री, कार्की, दमाई, सार्की आदि थरघरका मानिसहरूले मष्टो देवताको पूजा गर्दछन् । गाउँका निकट लिङ्ग, पताका वा ढुङ्गाको अस्तित्व कायम गरी कुलपूजा गर्ने प्रचलन छ। मष्टो देवतावारे एउटा किंवदन्ती अनुसार-" एकपटक स्वर्गबाट अप्सराहरू शिवको जाज्वल्यवान ज्वाला ताप्न आउँदा गर्भवती भई १२ भाइ मष्टाको जन्म भएको र कतै यिनलाई इन्द्रका सन्तान भन्ने गरिन्छ । मष्टा का बुढ कः वाँ, थार्पा, बाबिरा, लिउडी, कामल, सिम, रमाल, ढंडार, दुसापानी, डढीसितल, समेत १२ वटा नाम प्रचलित छन् । भित्रीकोट दरबार क्षेत्रमा र पुण्येखोला देवनडेरामा क्षेत्रपालका मन्दिरहरू अद्यापि विद्यमान देखिन्छन् । दाखाक्वाडीमा मष्टोको गुठी पनि छ । दाडे वा दाह्रेमष्टा बढी लोकप्रिय मानिन्छ । अझै पनि प्यूठानमा किचकन्ये, भूत, जाँवेभूत, कराँसेभूत, राँकेभूत, काँचो वायु, पाको वायु, धनन्जय वायुप्रति विश्वास गर्ने परम्परा कायम भएकाले धामी पतुराउने र उपचार गर्ने प्रचलन छ । झाँक्रीलाई देवताको रूपमा पूजा गर्ने, थान बनाई गुठी स्थापना गरिएको पाइन्छ । दाङवाङ, खैरा, वर्जिवाङ, कोचिवाङ आदि क्षेत्रमा झाँक्री थानलाई गुठी प्रदान गरिएको छ । (जोशी, २०३५ वि.सं. : १३०) झाँक्री देवता मान्नेहरूमा बढी मात्रामा तान्त्रिक प्रभाव परेको पाइन्छ । निष्कर्षमा भन्नुपर्दा प्यूठान राज्यमा अन्य बाइसी र चौबीसी राज्यमा भएका सबै धार्मिक अनुष्ठानहरूको प्रचलन कायम रहेको थियो ।

### (३) प्यूठानको बैदेशिक सम्बन्ध तथा कला र वास्तुकला:

स्यूराज क्षेत्रसम्म प्यूठानको भू-भाग पुगेको र भारतको विहार तथा उत्तर प्रदेशका बासिन्दाहरूसँग सम्पर्क रहेकोले हिन्दू, मुसलमान, पर्वते र हिन्दी भाषाको संयोजन देखापरेको र कला, शैव, वैष्णव, शाक्त मतहरूको प्रभाव तथा गोरखनाथको बाहुल्यता जस्ता पक्षहरूले गर्दा सांस्कृतिक निकटता छाएको थियो । (रेग्मी, १९७५ ई. : ९) प्यूठान राज्यले भारतबाटै कपडा, तेल, मसला आदि वस्तुहरूको आयात गर्नु पर्दथ्यो । प्यूठानका चन्द शासकहरूको सम्बन्ध सल्यान, जुम्ला, फलावाङ, रुकुम, जाजरकोट आदि पश्चिमी राज्यहरूसँग कायम थियो । सल्यानी राजा कृष्ण शाहले गोरखाकी राजकुमारी विलासकुमारीसँग विवाह गरेपछि सल्यानी सम्बन्धबाट गोरखासँग पनि प्यूठानको सुमधुर सम्बन्ध कायम रहयो । एकीकरणपूर्व प्यूठान राज्यको सल्यान, जाजरकोट, जुम्ला र गोरखासँग राम्रै सम्बन्ध कायम थियो । (अधिकारी, २०१८ ई. : २०) प्यूठान राज्यको पर्वत, गुल्मी, अर्घा, खाँची, पाल्पा, तनहुँ, कास्की, भीरकोट, मूसीकोट र इस्मासँग राम्रै सम्बन्ध र सम्पर्क कायम भएकाले प्यूठानमाथि विना तयारी हमला गर्न सकिँदैन भनेर पृथ्वीनारायण शाहले आफ्ना गोरखाली सैनिकहरूलाई सम्झाई बुझाई गरेका पत्रहरू पाइन्छ । पाल्पाली सेन शासकहरूले प्यूठानी चन्द शासकहरूसँग सम्पर्क बढाएका कागजातहरू पाइएका छन् । प्यूठानको चन्द परिवार र पाल्पा, तनहुँ, मकवानपुरका सेन शासकहरूबीच निकट सम्बन्ध थियो । (गिरी, पूर्ववत् : ४०) रुद्र सेन तथा मुकुन्द सेन प्रथमले प्यूठान, मधेस, गुल्मी र पार्कोटमा वैवाहिक सम्बन्ध थियो । पृथ्वीनारायण शाहले कालु पाँडेलाई लेखेको पत्रबाट गोरखाले प्यूठानसँग सम्बन्ध बढाउन खोजेको देखिन्छ । बाइसी राज्यहरूले सल्यानमाथि आक्रमण गर्दा गोरखाले प्यूठानी झराली सैनिकहरू सहयोगको लागि पठाउन लगाएको थियो । (अधिकारी, २०१८ ई. : ३७८)

प्यूठान राज्यको दरबार, देवमन्दिर, आवाशीय भवन, विविध देवल र मूर्तिहरू आकर्षक भएको हुनाले कला तथा वास्तुकलाको क्षेत्रमा प्यूठान अन्य चौबीसी राज्यको तुलनामा समुन्नत रहेको थियो । मूर्तिकलाको क्षेत्रमा काष्ट तथा ढलोटका मूर्तिहरू उत्कृष्ट नमूनाको रूपमा प्राप्त भएका छन् । (गिरी, २०४३ वि.सं. : ३६) काष्टकलाका स्वतन्त्र मूर्तिहरू कालक्रमले जीर्ण अवस्थामा देखिए पनि त्यहाँको काष्टकलाले पुरानो दरबार तथा

मन्दिरको प्रतिनिधित्व गरेका छन् । प्यूठानका प्रमुख मन्दिरहरूमा खलङ्गाको भीमसेन, गणेश मन्दिरका तोरण, विजुवार कालिका तथा गोरखनाथका काष्ट तोरणहरू उत्कृष्ट मानिएका छन् । प्यूठान विजुवार बजारमा अवस्थित कालिका मन्दिर भने १७ औं र १८ औं शताब्दीको शक्तिपीठ हो । (खत्री, २०३८ वि.सं. : २६०) कालिका मन्दिरको वरिपरि प्रदक्षिणा पथ बनाएर दक्षिणतिर प्रवेशद्वार राखिएको छ । मन्दिरको भित्ता र टुँडालहरूमा सिंह, अप्सरा, बृक्ष, लतापताका सजाइएको यस कालिका मन्दिरलाई स्थानीय बासिन्दाहरूले शक्तिपीठको रूपमा मानिएका छन् । प्यूठानमा निर्माण गरिएका मन्दिरहरू शिखर तथा प्यागोडा शैलिमा छन् । बाग्दुला तालको गुफा, मेहेलनाथको मन्दिर, शिवानन्द योगीले चित्र कोरी निर्माण गरेको शिव र गणेशको मन्दिर, स्वर्गद्वारिका शिवालय र आठकुने यज्ञशालाहरूको अस्तित्व मेटिन थालेको छ; जो धार्मिक र वास्तुकलाको दृष्टिले अन्यन्तै महŒवका धरोहरहरूको संरक्षण तथा मर्मत सम्भार हुन नसकेकोले आजका दिनसम्म पनि प्यूठानका सबै धार्मिक तथा सांस्कृतिक धरोहरहरू पुरातŒव विभाग र नेपाल सरकारको पर्खाइमा तड्पीरहेका छन् ।

## ९. निष्कर्ष:

प्यूठान जिल्ला चौबीसी राज्यहरूको पश्चिम सीमानामा अवस्थित बाइसी राज्यलाई पश्चिमतर्फ सीमा छुट्याउने सैनिक तथा सामरिक दृष्टिकोणले प्रबल र आर्थिक रूपमा पनि सम्पन्न चौबीसी राज्य हो । प्राकृत सम्पदाहरूको खानी रहेकोले यस जिल्लालाई अपार विकासको सम्भावना बोकेको जिल्ला मानिएको छ । धार्मिक मठ मन्दिर एवं सार्वजनिकस्थलहरूमा विद्यमान कला वास्तुकलालाई अवलोकन गर्दा प्यूठान राज्यमा धर्म संस्कृति एवं कलाकारिताको विकास भएको पाइन्छ । समुद्री सतहबाट ३०५ देखि ३६५९ मीटरसम्म रहेको प्यूठान जिल्लामा सबै किसिमको भूगोल भएकाले यो राज्य भौगौलिक, प्राकृतिक र आर्थिक रूपमा मजबुत मानिएको थियो । शिखर तथा प्यागोडा शैलिमा निर्मित कलाकृतिले गर्दा प्यूठान राज्यमा अन्यन्तै महŒवका धरोहरहरूको निर्माण कार्य सम्पन्न भएको कुरा खलङ्गाको शिवालय मन्दिर, भीमसेन मन्दिर, गणेश मन्दिर, निर्मलनाथको मन्दिर र कालिका मन्दिरले स्पष्ट देखाएका छन् ।

चन्द र शाह ठकुरी शासकले शासन गरेको प्यूठान राज्यमा खड्का, राउत, महतारा, विष्ट, बोहोरा, भंडारी, दसोती, कार्की, घर्ती आदिको बाहुल्यता रहेको थियो । तात्कालीन प्यूठानका शासकहरूको सम्बन्ध सल्यान, जुम्ला, फलावाङ, रुकुम, जाजरकोट आदि पश्चिमी राज्यहरूसँग कायम रहेको र प्यूठानको सखीमाझ क्षेत्र भएर बाइसी र चौबीसी राज्यको ओहोरदोहोर गर्ने सीमान्त मार्ग बनेको हुँदा चौबीसी राज्यहरूले पनि प्यूठानसँग सम्बन्ध सुधार गर्नु पर्ने स्थिति रहेको थियो । प्यूठान राज्यमा कर्णाली प्रदेशका बाइसी राज्य र गण्डकी प्रदेशका चौबीसी राज्यमा रहेका सबै रीतिथिति, परम्परा, धार्मिक, सांस्कृतिक, आर्थिक, समाजिक र न्याय व्यवस्थाका सबै गतिविधिहरू सञ्चालित थिए । समग्रमा तात्कालीन चौबीसी राज्यमध्येको प्यूठान राज्य चौबीसी राज्यका गोरखा, पाल्पा, कास्की, लमजुङ, पर्वत र अन्य शक्तिशाली राज्यहरूको सबै पक्षको हाराहारीमा विकसित अवस्थामा रहको थियो ।

## सन्दर्भ सामग्री:

### पुस्तकहरू :


अधिकारी,बमबहादुर. (२०७३ वि.सं.) *बाईसी चौबीसी राज्यहरूको सङ्क्षिप्त इतिहास.* काठमाडौं : नवोदित हाम्रो पुस्तक भण्डार ।

**---**, (२०७५ वि.सं.) *प्राचीन तथा मध्यकालीन नेपालको इतिहास.* काठमाडौं : डिकुरा पब्लिकेशन.।

**---**, (२०७५ वि.सं.) नेपालको बृहत् इतिहासको झलक. काठमाडौं : दिपक पुस्तक भण्डार. ।

अधिकारी, सूर्यमणि.(२०४२ वि.सं.) *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण.* काठमाडौँ : ने.ए.अ.के. त्रि.वि.वि. ।

उपाध्याय, नागेन्द्रप्रसाद. (१९९५ ई.) *नाथ और सन्त साहित्य.* वाराणासी : काशी, हिन्दू विश्वविद्यालय. ।

खत्री, प्रेमकुमार. (२०३८ वि.सं.) *नेपाली समाज र संस्कृति.* काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र. त्रि.वि. ।

गिरी, गितु. (२०५२ वि.सं.) *प्यूठान राज्यको ऐतिहासिक झलक.* प्यूठान : जिल्ला विकास समिति. ।
**---**, (२०४३ वि.सं.अप्रकाशित) *प्यूठान जिल्लाका धार्मिक स्थलहरूको सांस्कृतिक अध्ययन.* काठमाडौँ : एम.ए. शोधपत्र वि.वि.वि. कीर्तिपुर. ।
जिल्ला विकास समिति, (२०५० वि.सं.) *प्यूठान जिल्लाको वस्तुगत विवरण.* प्यूठान : जि.वि.स.का. ।
जोशी, सत्यमोहन.(२०३५ वि.सं.) *केही नेपाली लोकदेवताहरूो भूमिका नेपाली लोक संस्कृति संगोष्ठी.* काठमाडौँ : ने.रा.प्र.प्रतिष्ठान. ।
नेपाली, चितरञ्जन. (२०२२ वि.सं.) *जनरल भीमसेन थापा र तत्कालीन नेपाल,* काठमाडौँ : रत्नपुस्तक भण्डार. ।
पाण्डेय, रामनिवास. (२०३५ वि.सं.) *पश्चिम नेपालको शैव शक्ति परम्परा नेपाली लोक संस्कृति संगोष्ठी.* काठमाडौँ : ने.रा.प्र.प्रतिष्ठान. पृष्ठ. ।
बरालमगर,केसरजङ. (२०३७ वि.सं.) *मगरकुराकुट जाटमङाक्के.* काठमाडौँ : सुरेश आले. ।
विष्ट, डोरबहादुर. (१९८० वि.सं.) *पिपुल अफ नेपाल.* चौ.सं. काठमाडौँ : रत्नपुस्तक भण्डार. ।
वैद्य, टि.आर. (१९९३ ई.)*पृथ्वीनारायण शाह, द फाउण्डर अफ् मोर्डन नेपाल.* न्यू दिल्ली : अनमोल पब्लिकेसन. ।
मल्ल, पर्वते मगर, मोहनबहादुर. (२०३२ वि.सं.) *नेपाली संस्कृति संगोष्ठी.* काठमाडौँ : ने.रा.प्र. प्रतिष्ठान. ।
योगी, नरहरिनाथ. (२०२२ वि.सं.) *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह.* वनारस : दाङ सम्मेलन. ।
रेग्मी, डी.आर. (१९७५ ई.) *मोर्डन नेपाल.* पुनर्मुद्रण कलकत्ता : फर्मा के.एम.मुखोपाध्याय. ।
श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, शुभराज्यभिषेक, (२०३१ वि.सं.) *मेचीदेखि महाकाली भाग-४.* श्री ५ को स.स.म.सू.वि.शु. पृष्ठ, १३७ ।

**लेखहरू :**

अधिकारी, बमबहादुर.(२०१८ ई.) "जुम्ला उपत्यकाको ऐतिहासिक अध्ययन" प्रज्ञा दर्शन. डिमोक्रेटिक प्रोफेसर एशोशिएसन नेपाल युनिभर्सिटी क्याम्पस एकाई त्रि.वि.कीर्तिपुर. नं.१, भोलुम २. जुन पृष्ठ.३७६-३८५. ।
**---**, (२०१८ ई.) "द हिस्टोरिकल सिग्निफिकेन्स् अफ् सिँजा भ्याली" हिसान (जर्नल अफ् हिस्ट्री एसोशिएसन अफ् नेपाल) नं. १, भोलुम ४. पेज १०-२०. ।
गौतम, टेकनाथ.(२०३३ वि.सं.) "स्वर्गद्वारी रारा खप्तड". *मधुपर्क.* वर्ष ९. अङ्क ८. पुस. पृष्ठ, ४२ ।
तेवारी, रामजी. (१८४३ वि.सं.) "वि.सं. १८४३ मा भएका केही मुख्य घटना" *पूर्णिमा:* वर्ष १. अङ्क २. पृ. ६१-६८ ।